फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०८०/०५/१३

**भाग-१**

**फलेवास नगर कार्यपालिका**

# फलेवास नगरपालिकाको जलश्रोत ऐन, २०८०

नगर सभाबाट स्वीकृत मिति : २०८०/०५/१३
प्रमाणीकरण मितिः २०८०/०५/१३

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११(ध) ले दिएको अधिकारको प्रयोग गरी फलेवास नगरपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन, विकास र समुदायमा पर्याप्त सफा स्वच्छ खानेपानीको व्यवस्था गर्न गराउन, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम फलेवास नगरपालिकाको तेह्रौं नगर सभाले फलेवास नगरपलिकाको जलस्रोत ऐन, २०८० स्वीकृत गरी लागू गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"फलेवास नगरपलिकाको जलश्रोत ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन नगरसभावाट पारित भई नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) **"नगरपालिका"** भन्नाले फलेवास नगरपालिका सम्झनुपर्छ ।

(२) **"नगरसभा"** भन्नाले फलेवास नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(३) **"कार्यपालिका"** भन्नाले फलेवास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(४) **"प्रमुख"** भन्नाले फलेवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(५) **"उपप्रमुख"** भन्नाले फलेवास नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(६) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले फलेवास नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने कर्मचारी प्रमुखलाई सम्झनुपर्छ । सो शब्दले कार्यपालिका तथा नगरसभा सदस्य सचिव समेतलाई जनाउँछ ।

(७) **"वडा समिति"** भन्नाले फलेवास नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(८) **"वडा अध्यक्ष"** भन्नाले फलेवास नगरपालिकाको वडा अध्यक्षहरुलाई सम्झनुपर्छ ।

(९) **"कार्यपालिका सदस्य"** भन्नाले फलेवास नगरपालिकाको नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(१०) **"सभा सदस्य"** भन्नाले फलेवास नगरपालिकाका नगर सभा सदस्य सम्झनुपर्छ र सो शब्दले नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(११) **"कर्मचारी"** भन्नाले फलेवास नगरपालिकामा तोकिएको कामका लागि तलव सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्ति व्यक्तिलाई सम्झनुपर्छ ।

(१२) **"ऐन"** भन्नाले फलेवास नगरपालिकाको जलश्रोत ऐन, २०८० लाई संझनुपर्छ ।

(१३) **"प्रचलित कानून"** भन्नाले नेपालको संविधान, प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभा र नगर सभाबाट पारित भई लागु भएका ऐन नियमहरुलाई सम्झनुपर्छ ।

(१४) **"नियम"** भन्नाले यस ऐन अन्तर्गत कार्यपालिकाले वनाएको नियमावली, कार्यविधि, दीग्दर्शन, निर्देशिका, आदेशहरुलाई सम्झनुपर्छ ।

(१५) **"नगर जलश्रोत समिति"** भन्नाले यस ऐनको दफा ३० बमोजिम गठित नगर जलस्रोत समिति सम्झनुपर्छ ।

(१६) **"खानेपानी"** भन्नाले घरेलु तथा औद्योगिक उपयोगको लागि आपूर्ति गरिने पानी सम्झनुपर्छ ।

(१७) **"जलस्रोत"** भन्नाले भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोत वा खानेपानीको स्रोत सम्झनुपर्च्छ ।

(१८) **"संरचना"** भन्नाले जलस्रोत वा खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, सुद्धिकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयल चर्केको क्षेत्र सम्झनुपर्छ र सो शब्दले त्यस्तै उद्देश्यले

बनाइएको पानी टयांकी, पाइप लाइन, निकाश, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउछ ।

(१९) **"सर्वेक्षण"** भन्नाले जलश्रोतको उपयोग वा खानेपनी आयोजना सञ्चालनको लागि संरचनाको निर्माण, संरचना निर्माण गदा पर्ने वातावरणीय असर, जलस्रोत उपयोग परिमाण, लाभान्वित क्षेत्र समुदाय संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङ्कहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएका अन्वेषण संभाव्यता अध्ययन र तत सम्बन्धी विस्तृत इन्जिनियरिङ्ग डिजाईन समेतको कार्य सम्झनुपर्छ ।

(२०) **"परियोजना"** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति वा उपभोक्ता संस्था वा सेवाप्रदायक निकायले सञ्चालन गर्ने जलश्रोत वा खानेपानी परियोजना सम्झनुपर्छ र सो शब्दले सघीय, प्रदेश सरकार वा मातहतका निकाय वा नगरपालिका वा अन्य सरकारी गैरसरकारी दातृ निकायले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको वा उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालनमा रहेको जलश्रोत वा खानेपानी परियोजना समेतलाई जनाउछ ।

(२१) **"आपूर्तिकर्ता"** भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई जलश्रोत सम्बन्धी सेवा वा खानेपानी आपूति गर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय सम्झनुपर्छ ।

(२२) **"सेवा"** भन्नाले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी वा जलश्रोत सम्बन्धी वस्तु वा सेवा सम्झनुपर्छ ।

(२३) **"उपभोक्ता संस्था"** भन्नाले यस ऐनको दफा ११ बमोजिम गठित उपभोक्ता संस्था सम्झनुपर्छ ।

(२४) **"उपभोक्ता"** भन्नाले आपूर्तिकर्ताले उपलब्ध गराएको वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति वा निकाय वा समुदाय सम्झनुपर्छ ।

(२५) **"सेवा शुल्क"** भन्नाले वस्तु वा सेवा उपभोग गरे वापत उपभोक्ताले आपूर्तिकर्ता वा सेवा प्रदायक वा उपभोक्ता संस्थालाई बुझाउनु पर्ने निर्धारित शुल्क सम्झनुपर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउछ ।

(२६) **"मन्त्रालय"** भन्नाले जलश्रोत र खानेपानी मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्छ ।

(२७) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२
## जलस्रोतको स्वमित्व र उपयोग सम्बन्धी व्यवस्था

**३. जलस्रोतको स्वामित्व :**

(१) नगरपालिका क्षेत्रभित्र भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको स्वामित्व नगर कार्यपालिकामा निहित रहनेछ ।

**४. जलस्रोतका व्यवस्थापन र सेवा :**

(१) आफ्नो क्षेत्रभित्र भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित व्यवस्थापन र उपयोग नीतिद्वारा नगरपालिकावासीलाई स्वच्छ खानेपानी पुऱ्याउने, सिचाई लगायत जलश्रोतबाट हुन सक्ने सवै प्रकारका सेवा दिने ब्यवस्था नगरपालिकाले मिलाउनेछ ।

(२) नगरपालिका स्वयंले वा दातृ निकायको सहयोगमा आयोजना सञ्चालन गर्ने वा उपभोक्ता संस्था गठन गरी गराई हस्तान्तरण गर्ने वा उपभोक्ता संस्थालाई आयोजना सञ्चालनमा सहयोग गर्ने वा निजी सेवा प्रदायक मार्फत आयोजना सञ्चालन गरी गराई जलश्रोतको समुचित ब्यवस्थापनबाट नगरपालिका क्षेत्रभित्र खानेपनी आपुर्ती, सिचाई लगायतको ब्यवस्था गराईनेछ ।

(३) उपदफा (२) बमोजिम गर्दा सेवाका सर्त सुविधा एवं आयोजना सञ्चालन प्रकृया तोकिए बमोजिम हुनेछ ।

**५. जलस्रोतको उपयोगः**

(१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउन छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपन छैनः-

(क) व्यक्तिगत तथा पारिवारिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत तथा पारिवारिक रूपमा आफ्नो जग्गामा सिंचाइ गर्न,

(ग) घरेलु उद्योगका रूपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) जग्गा धनीले आफ्ना जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाइ मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**६. जलस्रोत उपयोगको प्राथमिकताक्रमः**

(१) जलस्रोतको उपयोग गर्दा वा गराउदा वा गर्न स्वीकृती दिदाँ साधारणतया देहायका प्राथमिकताक्रम अनुसार गराइनेछः-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा नगर जलश्रोत समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ५ को उपदफा (३) बमोजिम जलस्रोतका लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) नगर जलश्रोत समितिले उपदफा (२) बमोजिम निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

**७. नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः**

(१) नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन वमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि नगरपालिकाले लिई आवश्यक विकास तथा विस्तार गरी सञ्चालन व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचनाको स्वमित्व उक्त संस्थाको साधारण सभाको निर्णयले हस्तान्तरण हुनेछ ।

(४) व्यवस्थित सञ्चालन नभएको, साधारण सभा, आवधिक निर्वाचन लगायत विधानमा तोकिए बमोजिमका कार्यहरु नभएको वा नगरिएको, जोखिममा परेको पुष्टी भएको हकमा नगर जलश्रोत समितिको सिफारिशमा नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति, समुदाय निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसँगको समन्वय तथा साझेदारीमा पर्यटन लगायत अन्य व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

**८. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः**

(१) नगरपालिकाले वा नगरपालिकाको स्वीकृतिमा अन्य निकायद्धारा विकास वा सञ्चालन गरेको कुनै जलस्रोत वा खानेपानी सम्बन्धी योजना/परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**९. जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः**

(१) यस ऐनमा जनु सुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रही करार गरेर सोही करारमा उल्लेखित शर्तहरु वमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

**१०. दातृ संघ, संस्था, निकायले काम गर्न सक्ने :**

(१) विभिन्न सरकारी तथा गैर सरकारी दातृ संघ संस्था निकायले नगरपालिकासंगको साझेदारीमा वा नगरपालिकाको स्वीकृतीमा उपभोक्ता संस्था वा सेवा प्रदायक निकायसँगको साझेदारीमा जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालन गरी समुदायलाई सेवा पुऱ्याउन सक्नेछन ।

(२) बैदेशिक सहयोगद्वारा अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालनमा सहयोग गर्ने, गराउने दातृ संघ, संस्था निकायले नगरपालिका मार्फत नेपाल सरकारको पुर्व स्वीकृती लिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) अनुसारको अध्ययन अनुसन्धान प्रतिवेदन तथा आयोजना नगर कार्यपालिकाले तोके बमोजिम हस्तान्तरण गर्नु पर्नेछ ।

(४) दातृ संघ, संस्था निकायले गर्ने सहयोग नगरपालिकाको प्रथमिकताको क्षेत्रमा हुनु पर्नेछ ।

(५) दातृ संघ, संस्था निकायसंगको सहकार्य सम्वन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३

## उपभोक्ता संस्था गठन, दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था

**११. उपभोक्ता संस्थाको गठनः**

(१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम खानेपानी वा जलश्रोत उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको खानेपानी वा जलश्रोत उपभोक्ता संस्थालाई नगरपालिकामा वडा जलस्रोत समितिको सिफारिश बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) दर्ता भएका खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाहरुको सञ्चालन व्यवस्थापन दर्ता हुदा नगरपालिकाबाट स्वीकृत विधान र अन्तरगत वनेका नियम विनियममा उल्लेख भए अनुसार हुनेछ ।

(४) खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाहरुको सञ्चालन व्यवस्थापनका क्रममा विधानमा थप घट वा अन्यथा सुधार गर्नु परेमा यस ऐनको विपरित नहुनेगरी साधारण सभाको २ (दुई) तिहाई सदस्यले पारित गरी नगरपालिकाबाट स्वीकृती पश्चात मात्र लागु हुनेछ ।

(५) उपभोक्ता संस्थाको स्वीकृत विधान बमोजिम समयमा नै साधारण सभा गर्नुपर्नेछ । विधानको प्रावधान बमोजिम समयमा साधारण सभा नगरी संचालनमा रहेका उपभोक्ता समितिको हकमा नगरपालिकाको तर्फबाट सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस ऐनको दफा ४० बमोजिम लेखापरीक्षण सहित साधारण सभा सम्पन्न सो साधारण सभा सम्पन्न भएको १५ दिनभित्र यसै ऐनको दफा १२ बमोजिम नगरपालिकामा दर्ता नियमित गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको समय भित्र दर्ता नियमित नगर्ने उपभोक्ता समितिलाई वडा जलस्रोत समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाबाट भंग गरिने छ । समिति भंग भएको अवस्थामा उपभोक्ता समितिको सम्पूर्ण जिम्मेवारी दफा ३३ बमोजिम गठित वडा जलस्रोत समितिले लिनेछ ।

समितिको कार्य संचालन विधि र प्रकृया वडा जलस्रोत समितिले निर्धारण गरे बमोजिम हुनेछ । समिति भंग भएको अवस्थामा वडा जलस्रोत समितिद्धारा ३ (तीन) महिना भित्र साधारण सभा गराई कार्य हस्तान्तरण गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम उपभोक्ता समिति भंग भएको अवस्थामा समितिको आर्थिक कारोवार वडा जलस्रोत समितिको निर्णय र नगर जलस्रोत समितिको निर्णय सिफारिस अनुसार कार्यपालिकाको बैठकको निर्णयबाट वडा जलस्रोत समितिलाई जिम्मेवारी दिन सक्नेछ ।

**१२. उपभोक्ता संस्थाको दर्ता नियमित गर्नेः**

(१) यस ऐन जारी हुन पुर्व उपभोक्ता संस्था वा सेवा प्रदायक गठन भई तोकिएका निकायमा दर्ता भएर सञ्चालनमा रहेका उपभोक्ता संस्था यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) उपदफा (१) अनुसारका उपभोक्ता संस्था यस ऐन जारी भएको मितिले ९० दिनभित्र नगरपालिकामा दर्ता नियमित गर्नु पर्नेछ ।

(३) उपदफा (१) अनुसारका उपभोक्ता संस्था यस नगरपालिकामा दर्ता नियमित गर्दा लाग्ने शुल्क तोकिए बमोजिम हुनेछ ।

**१३. उपभोक्ता संस्था समन्वय समितिको गठनः**

(१) नगरपालिकामा दर्ता भएका उदेश्य मिल्ने सार्वजनिक खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाहरुले खानेपानी वा जलश्रोतको संरक्षण, सम्वर्धन, विकास एव सेवा वितरण र विस्तारमा सरलीकरण, प्रविधि तथा अनुभवको आदान प्रदान, एक अर्कामा सहयोग र नगरपालिकाको जलश्रोत नीति निर्माण कार्यान्वयनमा सहयोग गर्न, गराउन फलेवास नगरपालिका जलश्रोत उपभोक्ता संस्था समन्वय समितिको गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिमको समितिको सदस्य नगरपालिका भित्रका उदेश्य मिल्ने सार्वजनिक उपभोक्ता संस्था हुनेछन ।

(३) उपभोक्ता संस्था समन्वय समितिको कार्यसमितिमा नगर प्रमुखको संरक्षकत्वमा तोकिए बमोजिमका पदाधिकारी तथा सदस्य हुनेछन ।

(४) उपभोक्ता संस्था समन्वय समितिको उद्देश्य, काम, कर्तव्य र अधिकार नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(५) उपभोक्ता संस्था समन्वय समितिले नगरपालिकाको समन्वयमा विभिन्न सरकारी तथा गैर सरकारी सस्थाको सहयोगमा घोषित उद्देश्य पुर्तीको लागि आवश्यक कार्यहरु गर्न सक्नेछ ।

(६) नगरपालिकाले उपभोक्ता संस्था समन्वय समितिको क्षमता विकास गरी, गराई उक्त समिति मार्फत नगरपालिका क्षेत्रभित्रको खानेपानी वा जलश्रोतको खोज, अनुसन्धान, संरक्षण, सम्वर्धन, विकास एव सेवा वितरण र विस्तारमा सरलीकरण, प्रविधि तथा अनुभवको आदान प्रदान, एक अर्कामा सहयोग र नगरपालिकाको जलश्रोत नीति निर्माण लगायतका कार्य गराउन सक्नेछ ।

(७) उपभोक्ता संस्था समन्वय समिति सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

**१४. जलश्रोत उपभोक्ता संस्था संगठित संस्था हुने :**

(१) जलश्रोत उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगरपालिकाको स्वीकृति लिइ बेचबिखन गर्न वा प्रचलित कानून बमोजिम अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

(५) उपभोक्ता संस्था नगरपालिकाको नीति नियम, निर्णय र स्वीकृत विधानको अधिनमा रही उपभोक्ता सदस्य प्रति जवफदेही हुनेछ ।

**१५. नवीकरण गर्नु पर्नेः**

(१) यस ऐनको दफा ११. दफा १२. अनुसारका उपभोक्ता संस्था र दफा १३. अनुसारको उपभोक्ता संस्था समन्वय समिति प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ ।

(२) नवीकरण गर्न गराउन आर्थिक बर्ष सम्पन्न भएको ३ (तिन) महिना भित्र तोकिए बमोजिमका कागजात, नगरसभाले तोके अनुसारको बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद भुक्तान भएपछि तोकिएको शुल्कमा पहिलो ३ महिना भित्र २५ प्रतिशत त्यस पछीको ३ महिना भित्र ५० प्रतिशत र त्यस पछी आषाढ मसान्त सम्म १०० प्रतिशत थप शुल्क तिरी नवीकरण गर्न आएमा नगरपालिकाले नवीकरण गरी दिन सक्नेछ ।

(४) दोश्रो आर्थिक बर्ष समाप्त भएपछिको शुल्क तोकिए बमोजिम हुनेछ । साथै म्याद भुक्तान भएको लगातार ३ वर्ष सम्म नबीकरण नगरिएमा नगर जलश्रोत समितिको निर्णयमा उपभोक्ता संस्था, सेवा प्रदायक तथा उपभोक्ता संस्था समन्वय समिति विघटन गर्न सकिनेछ ।

(५) उपदफा (४) अनुसार विघटन भएमा निजी भए निजको आयोजना वा सेवा वन्द गराईनेछ भने सार्वजनिक उपभोक्ता संस्था वा निकाय भए सोको सबै सम्पती नगरपालिकाको कायम गरी आवश्यकता अनुसार आयोजना वा सेवा उपयोग वा सञ्चालन वा वन्द गराइनेछ ।

**१६. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः**

(१) नगरपालिकामा दर्ता तथा दर्ता नियमित भएका उपभोक्ता संस्थाले वा अनुमतीपत्र प्राप्त निकायले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन, तथा अन्तरगत वनेको नियमावली र स्वीकृत विधानको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन । तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएमा सो को ३ (तीन) महिना भित्र नगरपालिकालाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाको स्वीकृतीमा दुई वा दुईभन्दा बढी उपभोक्ता संस्था वा सेवा प्रदायकले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन ।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**१७. ऋण वा अनुदान लिन सक्नेः**

(१) नगरपालिका क्षेत्रभित्र जलश्रोतको विकास तथा खानेपानी आयोजना सञ्चालन गर्न उपभोक्ता संस्था, सेवा प्रदायक सस्था वा उपभोक्ता संस्था समन्वय समितिले स्वदेशी वा विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्दा संघीय कानून बमोजिम स्वीकृती लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए बमोजिमको विवरणहरु सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक छानविन गरी नगर जलश्रोत समितिमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव नगर जलश्रोत समितिले उपयुक्त देखेमा स्वीकृतिको लागि नगर कार्यपालिकाको निर्णय गराइ सम्वन्धित मन्त्रालयमा सिफारिश गरी पठाउनेछ ।

**१८. छुट, सुविधा र सहुलियतः**

(१) उपभोक्ता संस्था, सेवा प्रदायक तथा उपभोक्ता संस्था समन्वय समितिलाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएकोमा नघट्ने गरी हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक नगरपालिकाले दिने अन्य छुट, सुविधा र सहुलियत नगर कार्यपालिका तथा नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद् — ४
## अनुमतिपत्र तथा नियमन सम्बन्धी व्यवस्था

**१९. अनुमतिपत्रको व्यवस्थाः**

(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई नगरपालिका समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी गराई नगर जलश्रोत समितिको निर्णयमा दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा वढीमा ४५ (पैचालीस) दिनभित्र, खानेपानी आयोजना सञ्चालनको अनुमतिपत्रको हकमा वढीमा ६० (साठी) दिनभित्र र अन्य जलस्रोत उपयोगको अनुमतिपत्रका हकमा वढीमा ९० (नब्बे) दिनभित्र तोकिए बमोजिमका ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ६. को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार अनुमतिपत्र दिन सक्नेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति समुदाय वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ९० (नब्बे) दिन भित्र नगरपालिका समक्ष दर्ता नियमित (अनुमतिपत्र) को लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी नगर जलश्रोत समितिको निर्णयमा दरखास्त परेको मितिले ६० (साठी) दिनभित्र दर्ता नियमित (अनुमतिपत्र) दिइनेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्ति वा निकायले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमका दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

**२०. अनुमतिपत्र नवीकरण गर्नेः**

(१) यस ऐन वमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हनु अगावै अर्को अवधिको लागि अनुमतिको नवीकरण गर्नु पर्नेछ ।

(२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा तोकिए वमोजिम नवीकरण दस्तुर लाग्नेछ ।

(३) अनुमति नवीकरण सम्वन्धमा थप व्यहोरा दफा १५ को उपदफा (२), (३), (४) र (५) अनुसार हुनेछ ।

**२१. अनुमतिपत्र खारेज गर्न सकिने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन र अन्तर्गतका नियम विपरित कुनै काम गरेमा नगर जलश्रोत समितिको सिफारिसमा नगरपालिकाले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा निकाय वा संस्थाले पाएको अनुमतिपत्र नगर जलस्रोत समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार खारेज गरिनेछ ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**२२. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असूलउपर गर्न पाउनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था वा निकायले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवामा समानता हुने गरी वडा जलस्रोत समिति र नगर जलस्रोत समितिले गरेको सिफारिसका आधारमा नगरसभाले तोके बमोजिम त्यस्तो सेवा वापत शुल्क असूलउपर गर्न सक्नेछ ।

(२) संघ, प्रदेश र नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतका सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूलउपर गर्न सक्नेछ ।

(१) सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा सेवा प्रदायकले त्यस्तो सेवा बन्द गर्न सक्नेछ ।

**२४. अरूका घर जग्गामा प्रवेश गर्न सक्नेः**

(१) नगरपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(३) कुनै घर जग्गामा जलस्रोतका अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेका शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराका जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जगगमा प्रवेश गर्न सक्नेछ ।

**२५. अरूको घर जग्गाको उपयोग वा प्राप्तिः**

(१) जलस्रोतको उपयोगका लागि देहायको कुनै काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछः-

(क) बाँध वा तटबन्द बाँध्न,

(ख) नहर, कुलो वा सुरुङ्ग खन्न,

(ग) जमीन माथि वा मुनि पानीको टयाङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,

(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकाससँग सम्बन्धित अन्य आवश्यक निर्माण कार्य गर्न ।

(२) उपदफा (१) बमोजिमका निवेदन प्राप्त भएमा नगरपालिकाले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम सङ्गठित संस्थालाइ जग्गा प्राप्त गराई दिए सरह अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ ।

(३) उपदफा (२) जुनसुकै कुरा उल्लेख भए पनि अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले खानेपानी वा जलस्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामका निमित्त प्रयोग गर्न नपाउने गरी नगरपालिकाले निषेध गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निधेष गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई परेको वा पर्न सक्ने हानीनोक्सानी वापत नगरपालिका स्वयमले वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाबाट तोकिए बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

**२६. जलस्रोतको उपयोगसंग सम्वन्धित संरचनाको सुरक्षाः**

(१) खानेपानी वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै स्थान वा वस्तु वा संरचनाका सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले अनुरोध गरेमा वा  सुरक्षा गर्न आवश्यक ठानेमा नगरपालिकाले आवश्यक प्रवन्ध गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने खर्च सम्बन्धित पक्षबाट व्यक्तिले व्यहोर्न लगाउन सकिनेछ ।

**२७. जलस्रोतको गुणस्तर तोक्नेः**

(१) नगरपालिकाले संघ वा प्रदेश सरकारको मापदण्ड बमोजिम जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपभोक्ता संस्था तथा सेवा प्रदायकले उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी सेवा तथा व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

**२८. जलस्रोतलाई प्रदूषित गर्न नहुनेः**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जलस्रोतको प्रदूषण सहन-सीमा नगरपालिकाको पनि हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमका फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्न हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा २७ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएका सम्बन्धमा नगरपालिकाले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**२९. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः**

(१) जलस्रोतको उपयोग गर्दा भु-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकल असर नपन गरी गर्नुपर्नेछ । अन्यथा दण्डनीय हुनेछ ।

## परिच्छेद-५

## नगर जलस्रोत समिति सम्बन्धी व्यवस्था

**३०. नगर जलस्रोत समितिको गठनः**

(१) नगरपालिका भित्र रहको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने, उपभोक्ता संस्था दर्ता सञ्चालन व्यवस्थापन, नियमन तथा तोकिए वमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नगर जलस्रोत समिति रहनेछ ।

(१) नगर प्रमुख ..............................................................................संयोजक

(२) उपप्रमुख ..............................................................................सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत ..................................................................सदस्य

(४) नगर कार्यपालिकाले तोकेको आफु मध्ये २ जना कार्यपालिका सदस्यहरु ............सदस्य

(५) सम्वन्धित विषयगत समितिको संयोजक ..................................................सदस्य

(६) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत ....................................सदस्य सचिव

**३१. नगर जलस्रोत समितिको बैठक र कार्य प्रक्रियाः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित सरोकारवाला वा विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सकिनेछ ।

(३) समितिको बैठक भत्ता तथा सुविधा विषयगत समिति सरह हुनेछ ।

(४) वैठक संञ्चालन विधि र प्रकृया समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(५) स्थानीय जलस्रोत समितिको सञ्चालन व्यवस्थापन एवं वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**३२. नगर जलस्रोत समितिको काम कर्तव्य र अधिकारः**

१. नगर जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(१) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने ,

(२) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी राय सहित कार्यपालिका समक्ष पेश गर्ने ।

(३) नगरपालिका भित्र खानेपानी वा जलश्रोत उपभोक्ता संस्था दर्ता, संञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गरी गराई लागु गर्ने ।

(४) नगरपालिका क्षेत्रभित्र जलश्रोत आपुर्ती, उपयोग, विवाद तथा उजुरी उपर छानविन, स्थलगत निरीक्षण लगायत कार्य गरी निर्णय दिने तथा सोको प्रतिवेदन कार्यपालिकामा र कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने ।

(५) उपभोक्ता संस्था तथा सेवा प्रदायकको क्षमता, सीप र दक्षता अभिवृद्धीका लागि आवश्यक आर्थिक भौतिक एवं प्राबिधिक अनुदान तथा स्रोतको खोजी गरी उपलब्ध गराउने ।

(६) उपभोक्ता संस्था तथा सेवा प्रदायकको क्षमता विकास र समुदायको आर्जन कार्यक्रमको लागि सहजीकरण गर्ने ।

(७) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने तथा कानून बमोजिम निर्णय दिने ।

(८) अनुगमन तथा जाँच गर्दा वा गराउँदा तोकिएको शर्त वमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन वमोजिम कारवाही गर्न कार्यपालिका र सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(९) सार्वजनिक उपभोक्ता संस्था समन्वय समिति गठन तथा सञ्चालन व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याउने ।

(१०) दर्ता नभई सञ्चालनमा रहेका तथा अवैध उपभोक्त संस्था वा सेवा प्रदायकलाई नियन्त्रण र दर्ता भई सञ्चालनमा रहेका उपभोक्त संस्था वा सेवा प्रदायकहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(११) उपभोक्त संस्था वा सेवा प्रदायकलाई आवश्यक निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने । सेवाका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरु वनाई लागु गराउने ।

(१२) उपभोक्त संस्था वा सेवा प्रदायकले उपलब्ध गराएको सेवा सुबिधाको गुणस्तर कायम गराउने तथा सो वापतको सेवा शुल्क निर्धारणको स्वीकृती दिने ।

(१३) नगरपालिकामा दर्ता भएका सार्वजनिक उपभोक्ता संस्था वा निकायले आयोजना सञ्चालन गर्दाको लागि कर्मचारी नियूक्ती, पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी मापदण्ड स्वीकृत गर्ने र कार्यान्वयन गराउने ।

(१४) सेवाग्राही तथा कर्मचारीको गुनासो सुन्ने तथा सम्बोधन गर्ने गराउने ।

(१५) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**३३. वडा स्तरीय जलस्रोत समिति**

१. वडा भित्र रहको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमतिका लागि सिफारिस गर्ने र अन्य नियमन तथा तोकिए वमोजिम नगरेमा अनुमति पत्र खारेजीका लागि सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको वडा जलस्रोत समिति रहनेछ ।

(१) वडा अध्यक्ष ........................................................................................ संयोजक

(२) वडाका निर्वाचित प्रतिनिधिहरु ....................................................................सदस्य

(३) वडा समितिले मनोनयन गरेको खानेपानी समितिहरु वा उपभोक्ताहरु वा वडामा सोही क्षेत्रमा क्रियाशील व्यक्तिहरु मध्येबाट १ जना महिला सहित २ जना .................... सदस्य

(४) वडा सचिव ............................................................ सदस्य सचिव

२. यस समितिको अन्य काम, कर्तव्य र अधिकार नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## निरीक्षण तथा अनुगमन एवं दण्ड सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**३४. निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) नगर जलश्रोत समिति र वडा जलस्रोत समितिले जुनसुकै वखत उपभोक्ता संस्था, सेवा प्रदायक निकायले सञ्चालन गरेको आयोजना, उत्पादन तथा सेवाको निरीक्षण अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) अनुगमनका क्रममा सार्वजनिक उपभोक्ता संस्था तथा सेवा प्रदायकको हिसाव जाँच गर्न र गराउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा यस ऐन र अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड वा कार्यविधि र सम्वन्धित संस्थाको विधान बमोजिम नभएको पाइएमा दिइएको निर्देशनको पालना गर्नु सम्वन्धितको कर्तव्य हुनेछ ।

(४) दफा (११) बमोजिम गठित उपभोक्ता संस्थामा कार्यरत कर्मचारीहरुको सेवा प्रवाहको सम्बन्धमा लाभग्राहीको तर्फबाट गुनासो सुन्ने र निजहरुको काम सन्तोषजनक नभएको अवस्थामा आवश्यक कानुनी कारवाहीको लागि सम्बन्धित सस्थालाइ लेखी पठाउन सकिनेछ ।

**३५. छानविन गर्न सक्नेः**

(१) कुनै उपभोक्ता संस्था वा सेवा प्रदायकको सेवा तथा कार्य प्रकृया सन्तोषजनक नभएको, सदस्य वा सेवाग्रहीको हित विपरीत काम भएको वा उद्देश्य विपरीत कार्य गरेको भनी सदस्य वा सेवाग्राहीले छानविनको लागि निवेदन दिएमा वा नगरपालिकालाई यस ऐन विपरित काम भएको छ भन्ने कुनै जानकारी प्राप्त भएमा नगर जलश्रोत समिति वा वडा जलस्रोत समितिले छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धितको कर्तव्य हुनेछ ।

(३) छानबिन गर्दा कुनै कसुर भेटिएमा तोकिए बमोजिम जरिवाना, विगो, हर्जना सहित प्रचलित कानून वमोजिम कारवाही गर्न नगर कार्यपालिका समक्ष सिफारिश गर्नुपर्नेछ ।

**३६. दण्ड सजाय सम्वन्धी व्यवस्थाः**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा निजलाई नगरपालिकाले विगो तथा सो वरावरको हर्जना वा पाँचहजार रूपैयाँसम्म वा दुवै जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैका हानी नोक्सानी भएको रहेछ भन निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत भराइ दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई नगरपालिकाले विगो तथा सो बराबरको हर्जना वा पाँच हजार रूपैयाँसम्म वा दुवै जरिवाना गरी र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा नगरपालिकाले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानीनोक्सानीका बिगो असूल गरी निजलाइ बिगो बमोजिम जरिवाना गरी प्रचलित संघीय तथा प्रदेश कानून अनुसार सजाय हुनेछ ।

## परिच्छेद - ७

## विविध

**३७. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, गराउन नगर कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहितको नियमावली कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी लागू गर्नेछ ।

(२) नियम बनाउँदा उपदफा (१) ले दिएको अधिकारको सामान्यतया कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नगर कार्यपालिकाले खास गरी देहायका विषयमा नियमहरू बनाउन सक्नेछः

(क) खानेपानी, सिंचाइ, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग सम्बन्धी कुराहरू,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धी कुराहरू,

(ग) वातावरण सम्बन्धी कुराहरू,

(घ) जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत नगरपालिकालाइ बुझाउन पर्ने शुल्क, दस्तुर इत्यादिसँग सम्बन्धित कुराहरू,

(ङ) जलस्रोतको प्रदूषण रोक्ने सम्बन्धी विषयहरू,

(च) जलस्रोतका विभिन्न उपयोगका तरीकाहरू,

(छ) जलस्रोतको उपयोगबाट उत्पन्न सेवाका स्तर निर्धारण सम्बन्धी कुराहरू,

(ज) जलस्रोतको उपयोगबाट हुन सक्न दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति सम्बन्धी विषयहरू ।

(झ) उपभोक्त संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाइ संरक्षण र सुविधा दिने विषयहरू,

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरू ।

**३८. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम, नियमावली, कार्यविधि नआएसम्म नगरपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

**३९. बाधा अडकाउ फुकाउनेः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । उक्त आदेश त्यस पछी हुने नगर सभाले अनुमोदन गरेको हद सम्म कायम हुनेछ ।साथै ऐनको आवश्यकतानुसार संशोधन कार्यपालिकाको निर्णय अनुसार नगरसभाले गर्नेछ ।

**४०. लेखा र लेखापरीक्षणः**

(१) उपभोक्ता संस्थाको लेखा आर्थिक कार्यविधि ऐनको प्रावधान बमोजिम दोहोरो सेस्ता प्रणाली अनुसार राखी प्रत्येक आ.व.को लागि एकीकृत वित्तीय आर्थिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

(२) संस्थाको लेखा परीक्षण नगरपालिकाबाट सुचीकृत लेखापरीक्षक मध्येबाट नगरपालिकाले तोकेको लेखा परीक्षकबाट गराउनु पर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक र अन्य सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ । यस सम्वन्धि सम्पूर्ण दायित्व लेखा परीक्षण गर्ने जलश्रोत उपभोक्ता संस्थाबाट व्यहोर्नु पर्नेछ ।

(४) लेखापरीक्षकले लेखा परीक्षण प्रतिवेदन तोकिएको ढाँचामा लेखा परीक्षण गरी सोको प्रतिवेदन उपभोक्ता संस्था मार्फत नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**४१. बचाउ र लागुः**

(१) यस ऐन र अन्तर्गत बनेका नियम तथा कार्यविधिमा लेखिएजति सोही बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुराले कुनैपनि कसुरमा प्रचलित ऐन अनुसार कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यसअघि खानेपानी वा जलस्रोतसंग सम्वन्धित भएका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(४) दफा (११) बमोजिम गठित उपभोक्ता संस्थाको विधान यस ऐनसंग बाँझिएको हकसम्म अमान्य हुनेछ । यो ऐन लागु भएको ६० दिन भित्र यस ऐन बमोजिम बाझिएका प्रावधानहरुको शंसोधन साधारण सभाबाट गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

आज्ञाले,
ऋषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत